# प्रेस विज्ञप्ति

## २०६५ असोज १७

**उच्चायुक्तको कार्यालय-नेपाल तथा विश्व खाद्य कार्यक्रमद्वारा खाद्यान्न वितरण सुनिश्चित गर्न सर्वोच्च अदालतले दिएको आदेशको स्वागत**

संयुक्त राष्ट्रसङ्घका दुईवटा प्रमुख निकायहरूले खाद्यान्नको अभाव भएका मध्य तथा सुदूरपश्चिमाञ्चल क्षेत्रका १२ जिल्लामा खाद्यान्न आपूर्ति गर्न सरकारलाई आह्वान गर्दै सर्वोच्च अदालतले गरेको आदेशको स्वागत गरेका छन्। मानवअधिकार उच्चायुक्तको कार्यालय (उच्चायुक्तको कार्यालय), नेपाल र विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) अन्तरिम संविधान (धारा १८)मा व्यवस्था गरिएको "खाद्य सम्प्रभूताको अधिकार"लाई स्वीकार गर्दै सर्वोच्च अदालतले असोज ९ गते दिएको आदेशको स्वागत गर्दछन्।

उच्चायुक्तको कार्यालय र डब्लुएफपीले सरकारले यी क्षेत्रहरूमा खाद्यान्न अभाव र खाद्यान्नको बढ्दो मूल्यको जल्दोबल्दो मुद्दालाई गम्भीरतापूर्वक लिएको छ भन्ने कुरा स्वीकार गर्छन्। साथै आवश्यक परेका जिल्लाहरूमा अनुदानयुक्त खाद्यान्न उपलब्ध गराउने कार्यादेश पाएको राष्ट्रिय निकाय नेपाल खाद्य संस्थान (संस्थान)लाई छुट्याउने बजेटमा सरकारले हालै वृद्धि गरेको कुरा पनि दुवै निकायहरू स्वीकार गर्छन्।

विगत दुई वर्षमा भएका प्राकृतिक तथा मानवनिर्मित प्रकोपको प्रतिक्रियास्वरूप, डब्लुएफपीले सरकार र आफ्ना साझेदारहरूको सहकार्यमा मध्य तथा सुदूरपश्चिमका करिब बीस लाख मानिसहरूलाई खाना खुवाएको छ। सरकार र अन्य साझेदारहरूको सहयोगमा मात्र डब्लुएफपीले यी क्षेत्रका जोखिमपूर्ण समुदायहरूका आवश्यकताहरूलाई सम्बोधन गर्न सक्छ। संस्थानले बढी जनसङ्ख्या भएका केन्द्रहरूमा खाद्यान्न वितरण गर्छ भने डब्लुएफपीले आफ्ना प्रयासहरूलाई बढी दुर्गम, ग्रामीण क्षेत्रमा संकेन्द्रण गर्दछ। खाद्यान्नको बढ्दो मूल्यको परिणामस्वरूप देशव्यापीरूपमा ग्रामीण क्षेत्रका २५ लाख मानिसलाई तत्काल सहयोगको आवश्यकता छ।

पर्याप्त भोजन तथा भोकमरीबाट मुक्ति पाउने अधिकारको उपभोग बाँच्न पाउने अधिकारलगायत अन्य सबै अधिकारहरूको उपभोगका निम्ति उच्च महत्त्वको कुरा हो र राष्ट्रिय न्यायिक अङ्गहरूले यस सिद्धान्तलाई नियमितरूपमा स्वीकार गर्नु अत्यन्त महत्त्वपूर्ण छ। नेपाल आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि (आईसीईएससीआर)को पक्ष राष्ट्र हो, जुन अभिसन्धिले "पर्याप्त भोजन, लत्ताकपडा र आवाससमेत प्रत्येक व्यक्तिको आफू स्वयं तथा आफ्नो परिवारको पर्याप्त जीवनस्तर एवं जीवनका अवस्थामा निरन्तर सुधारको अधिकार" (धारा ११)लाई स्वीकार गरेको छ। मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा २५ ले पनि खाद्य अधिकारलाई मान्यता दिएको छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय समितिले पनि राज्यले "... प्राकृतिक तथा अन्य विपत्तिको समयमा पनि भोकमरीलाई कम गर्न आवश्यक कार्य" गर्नुपर्ने कुरामा जोड दिएको छ र यसले "व्यक्तिहरूको खाद्य आवश्यकतालाई पूरा गर्न परिमाण तथा गुणस्तरमा पर्याप्त; हानिकारक तत्त्व मुक्त तथा तोकिएको संस्कृतिमा स्वीकार्य भोजनको उपलब्धता" र "अन्य अधिकारहरूको उपभोगमा हस्तक्षेप नगर्ने खालका दिगो तरिकाले त्यस्तो भोजनप्रतिको पहुँच" भन्ने कुरालाई सङ्केत गर्दछ।

---

**थप जानकारीका लागि सम्पर्क :**

**OHCHR-Nepal: Marty Logan, tel. 4280164 (ext.321), mobile 98510-16922, mlogan@ohchr.org**
**WFP – Nepal: David Orr. Tel. 5542607 (ext. 2104), mobile 9851105249, david.orr@wfp.org**